**29T MNEP**

# 2019

# NEPALI

## ( MODERN INDIAN LANGUAGE )

**Full Marks : 100**

**Pass Marks : 30**

**Time : Three hours**

***The figures in the margin indicate full marks for the questions.***

*Contd.*

( New Course )

1. उत्तर देऊ : ( ***कुनै दशवटाको*** ) 1×10=10

(क) सरिता शब्दको अर्थ लेख।

(ख) 'चोटमा भुक्नु होइन बरू सहन सिकेछौ', यो कुन पाठ्य कविताको पंक्ति हो ?

(ग) सत्य र निष्ठाद्वारा पवित्र चित्तले गरेको कर्मलाई के भनिन्छ ?

(घ) सुधा खण्डकाव्यका कवि को हुन ?

(ङ) बौद्ध धर्मग्रन्थको नाम के हो ?

(च) ठहर भनेको के हो ?

(छ) कल्पद्रुमको अर्थ के हो ?

(ज) गोविन्द पण्डितसँग कसको झगडा मएको थियो ?

(झ) छविलाल उपाध्यायलाई स्वतन्त्रता सेनानी ताम्रपत्र कसले प्रदान गरेको थियो ?

(ञ) पारिजातको मृत्यु कहिले भएको थियो ?

(ट) महायान के हो ?

(ठ) 'अव्यवस्थित संरचना' कथाको नायक को हो ?

2. संक्षेपमा उत्तर देऊ : ( ***कुनै सातवटाको*** ) 2×7=14

(क) बेठी र मालसिरी भनेको के हो ?

(ख) देवकोटाको असल नाम के हो ? उनको जन्म कहिले भएको थियो ?

(ग) जनक कुमारीलाई के को दुःख परेको थियो ?

(घ) छविलाल उपाध्यायका माता पिताको नाम के थियो ?

(ङ) श्रम गर्ने मान्छेलाई पवित्र मान्छे भन्नुको तात्पर्य व्याख्या गर।

(च) नेपाली भाषा पहिला के के नामले चिनिन्थ्यो ?

(छ) कथाकार गिरीका अनुसार लेखकहरूको दुर्भाग्यको विषय के हो ?

(ज) मानव जीवनलाई कसरी सार्थक तुल्याउन सकिन्छ ? 'साहित्य सुधा' कविताका आधारमा लेख।

(झ) 'तीजको वयान' कवितामा मानिसले के का लागि भक्ति गर्दछन भनिएको छ ?

(ञ) कस्तो शिक्षा किशोर कालका लागि आवश्यक हुन्छ ?

3. उत्तर लेख : *( कुनै नौ प्रश्नका )* 4×9=36

(क) नौमती बाजा र पञ्चैबाजा भनेको के हो ? यिनीहरूमा के फरक छ ?

(ख) नेपाली साहित्यको इतिहासमा सर्बश्रेष्ठ पुरुष भनेर निबन्धकारले कसलाई किन भनेका हुन् ?

(ग) विश्वेश्वर प्रसाद कोइरालाको 'शत्रु' कथाका नायक कृष्ण रायको चरित्र प्रस्तुत गर।

(घ) छविलाल उपाध्यायको परिचय प्रस्तुत गरेर उनलाई अंग्रेज सरकारले किन कारावास खटाएको थियो प्रस्तुत गर।

(ङ) कथाकार पारिजातका कथागत प्रवृत्तिहरू उल्लेख गर।

(च) बौद्ध सहजयान भन्नाले के बुझिन्छ ? चर्चा गर।

(छ) 'अव्यवस्थित संरचना' कथामा के कस्तो सामाजिक परिस्थितिको उल्लेख गरिएको छ ?

(ज) 'साहित्यसुधा' कविताको मूलभाव के हो ? लेख।

(झ) अगमसिंह गिरीको परिचय छोटकरिमा लेख।

(ञ) 'तीजको वयान' कवितामा कविले किन विकामे ढाँचा र घमण्ड छोडनु भनेका छन ?

(ट) चरित्र गठनमा नैतिक विकासको के महत्व छ ? किशोरकाल र उनीहरूकालागि उपयोगी शिक्षा निबन्धका आधारमा लेख।

(ठ) पर्यावरण सम्बन्धी शिक्षा के हो ? विस्तार गर।

4. (क) सप्रसङ्ग व्याख्या गर : ***(कुनै दुईको)*** 5×2=10

*(i)* बुद्धको दर्शन बोकेर मेरो भावनामा
सिङ्गो भारत अताएको छु;

*(ii)* अधिका ऋषि तपसी मुनि जङ्गल गएर
गर्दथे तप खपेर भोक तीशोष्ण सहेर।

*(iii)* जीवन जतिसुकै जर्जर र बूढो भए पनि त्यहाँ
आशा मरेको हुँदैन।

*(iv)* जुन साहित्यले विश्वमा क्रान्ति ल्यायो आज
त्यही साहित्य प्रति मानिसको विपरीत
मनोभाव छ।

(ख) तल दिएका शब्दबाट पुरूष छुट्याऊ : 4

हामी, उनी, तिमी, त्यो, खान्छौ, खान्छौं, खान्छ, खान्छन।

(ग) वचन कति किसिमका हुन्छन् र के के हुन ? उदाहरणसहित प्रस्तुत गर। 2+2=4

(घ) स्त्रीलिङ्गी शब्द लेख : ½×8=4

पण्डित, गयो, मुखिया, लेखक, पढछ, पाठो, झाँक, मत्ता।

(ङ) काल भनेको के हो ? कालका विभिन्न रूप उदाहरणसहित प्रस्तुत गर। 2+1+2=5

(च) आदरार्थी शब्द कति किसिमका हुन्छन् ? निम्न र उच्च आदरार्थी शब्द उदाहरणसहित प्रस्तुत गर। 1+2=3

5. ***कुनै एक का*** विषयमा निबन्ध लेख : 10

*(i)* अनुशासनको महत्व।

*(ii)* असमको कृषि व्यवस्था र उन्नतिको लक्ष्य।

*(iii)* कुनै एक नेपाली कवि।

*(iv)* नेपाली चाड पर्वमा तिहार।

*(v)* विज्ञान शिक्षाको महत्व।

———×———

## ( Old Course )

1. उत्तर देऊ : 1×10=10

(क) भानुभक्तले लेखेका *दुइटा* कृतिको नाम लेख।

(ख) तखतको अर्थ के हो ?

(ग) वर्षा ऋतु पछिको ऋतु के हो ?

(घ) पिकदूत कविताका कवि को हुन् ?

(ङ) लेखनाथ पौड्यालको जन्म कहाँ भएको थियो ?

(च) हिमाद्रीको अर्थ लेख।

(छ) 'लाखौं औषधी, अस्त्र-शस्त्र महिमा देखेर डर्दैन त्यो
व्याधा तुल्य लुकेर चल्दछ सदा मारेर मर्दैन त्यों'॥
यो पंक्ति तिम्रो पाठ्य पुस्तकको कुन पाठको हो ?

(ज) खाली ठाँउ पुरा गर :
यस्तै ____ छाँयाको ____
बतासको बत्ती जस्तै।

(झ) तिम्रो पाठ्यक्तमको तिहार कविताको कवि को हो?

(ञ) कर्म कवितामा जीवन कसरी खर्च हुन्छ भनिएको छ।

2. संक्षेपमा उत्तर देऊ : 2×7=14

(क) हनुमान किन लङ्का गएका थिए ?

(ख) 'सुश्रुत संहिता' के हो ? यसका लेखक को हुन ?

(ग) 'हुकी' भनेको के हो ? हुकीको छोरा के गर्थ्यो ?

(घ) "राम्रा नराम्रा दुवैथरी चलन समयको भेलमा आएका हुन्छन" यो उक्ति कुन प्रसङ्गमा आएको हो ?

(ङ) 'विध्वस्तजीवन' कथाको वाल चरित्रको नाम कसरी 'टिटो' भयो ?

(च) ''हेर्नोस, म चित्र को छुँ, आत्म तुष्टिका निमित्त तर कुनै प्रदर्शनीमा भाग लिउँला भनेर होइन।'' यो उक्ति कसले कसलाई भनेको हो ?

(छ) डा. होमी जे भाभाको जन्म कहिले र कहाँ भएको थियो ?

3. उत्तर लेख : ***(कुनै नौ प्रश्नका)*** 4×9=36

*(i)* साहित्यको उदार परिभाषा के हो ? नेपाली साहित्य कसरी भारतीय साहित्यको अङ्ग बन्न पुगेको छ ? छोटकरिमा लेख।

*(ii)* 'मानिस सुसभ्य र सुसंस्कृत हुने कुरालाई आसामे नेपाली सस्कृति'मा कसरी दर्शाइएको छ ? विस्तार गर।

*(iii)* मातृभूमि भारतवर्षलाई किन र कसरी संसारमाको स्वर्ग मानिएको छ ?

*(iv)* मधुकर को हुन् ? उनी बसेको परिवेश र उनको स्वभावलाई कसरी देखाइएको छ ? चर्चा गर।

*(v)* मेरा बारीका भात करेला निबन्धमा जीवनमा सुखको मात्रा र जीवनको मूल वस्तुका विषयमा कस्तो विचार छ ? विस्तार गर।

*(vi)* पिकदूत कवितामा वर्णन गरिएका ऋतुहरूमध्ये *कुनै* दुई ऋतुका विषयमा लेख।

*(vii)* मानवकुमार किन र कसरी ताखखेसँग खेल्न पुगेको थियो ?

*(viii)* तिहार कविताले कसरी वाल्यकालको स्मरण गराउँछ ?

*(ix)* लङ्किनी को हो ? उसले कसलाई, किन अशोक बाटिकाको कुरा सुनाएकी थिई ?

*(x)* 'भोलि उदाउने सूर्य' कवितामा कविले किन सूर्यलाई नमस्कार गर्दिन भनेका छन ?

*(xi)* ''राजा रङ्कसबै समान उसका वैषम्य गर्दैन त्यो''
यस उक्तिको तात्पर्य स्पष्ट गराऊ।

*(xii)* कस्ता व्यक्तिहरू कृतकार्य भई बाँचेको कुरा कर्म कवितामा भनिएको छ ? चर्चा गर।

4. (क) सप्रसङ्ग व्याख्या गर : 5

"जातततै निराशाका बन्द ढोका गर्जन्छन्
कतै केही मिल्दैन
कतै कोही मिल्दैन्"

*अथवा*

"सेवा गर्नु पर्छ भने भाते करेलाका झैं गर्नु पर्छ।"

(ख) भाव विस्तार गर : ***(कुनै एकको)*** 5

*(i)* ताकपरे तिवारी नत्र गोतामे।

*(ii)* हुने विरुवाको चिल्लो पात।

(ग) *(i)* सन्धि विच्छेद गर : नाविक, संस्कृत 2

*(ii)* क्रिया विशेषणको उदाहरण प्रस्तुत गर। 2

*(iii)* लिङ्ग छुट्याऊ : सभापति, काकी, कवि, कालो। 2

*(iv)* विपरीत शब्द लेख : थल, कृष्ण। 2

*(v)* समास छुट्याऊ : नीलकण्ठ, अज्ञान। 2

(घ) वाक्य रचना गर : ***(कुनै पाँचको)*** 5

कान खानु, दिन फर्किनु, झन्का छुट्नु, आँखा गाडनु, तीघ्रा कमाउनु, घरजम गर्नु, जिब्रो झिक्नु।

5. ***कुनै एक*** विषयमाथि निबन्ध लेख : 15

(क) असमको नेपाली जन-जीवनमा तीज।

(ख) मोबाइल फोनबाट लाभ र हानि।

(ग) छात्र जीवनमा खेलकुदको महत्व।

(घ) लक्ष्मीप्रसाद देवकोटा।

——×——